धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

# प्रत्यूष
National Daily | राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क २८ ◆ २०८३ साउन २८ गते बिहीबार, Thursday, August 13, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## स्रोत शिक्षकसँग कार्यसम्पादन सम्झौता

काठमाडौं । काठमाडौं महानगरपालिकाको शिक्षा विभागले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर र शिक्षण सिकाइ प्रक्रियालाई थप व्यावहारिक र प्रभावकारी बनाउन 'स्रोत शिक्षक' सँग कार्यसम्पादन करार सम्झौता गरेको छ ।

सम्झौतापत्रमा विभागका प्रमुख नमराज ढकाल र स्रोत शिक्षकहरूले हस्ताक्षर गर्नुभएको छ । 'स्रोत शिक्षक व्यवस्थापन कार्यविधि, २०८०' र शिक्षा तथा स्वास्थ्य समितिको यही साउन २२ गते गरेको निर्णयका आधारमा सम्झौता गरिएको हो । स्रोत शिक्षकले आफ्नो कार्यक्षेत्रभित्रका विद्यालयको शिक्षण सिकाइ वातावरण सुधार गर्न मासिक तथा साप्ताहिक कार्ययोजना बनाएर कार्यान्वयन गर्नुपर्नेछ ।

विभागीय प्रमुख ढकालले महानगरको शैक्षिक नीति र कार्यक्रम हरूलाई विद्यालयस्तरमा प्रभावकारी रूपमा लागू गराउन सहजीकरण गर्ने, शिक्षकको पेसागत विकासमा सहयोग गर्ने र विद्यालयका समस्या समाधानका लागि समन्वय गर्ने दायित्व स्रोत शिक्षकलाई प्रदान समेत गरिसकिएको सो क्रममा बताउनुभयो ।

## न्यायिक आयोग गठन गर्न कांग्रेसको माग

ललितपुर । नेपाली कांग्रेसले सुनसरीको देवानगञ्ज-कप्तानगञ्ज र सिरहामा भएका दुःखद घटनापछि सरकारले गरेका सहमति तत्काल कार्यान्वयन गर्न माग गरेको छ ।

यस्तै, ती घटनाको निष्पक्ष, स्वतन्त्र र विश्वासयोग्य छानबिनका लागि उच्चस्तरीय सर्वस्वीकार्य न्यायिक आयोग तत्काल गठन गर्न पनि कांग्रेसले माग गरेको छ ।

पार्टीको केन्द्रीय कार्यालय सानेपामा मङ्गलबार बसेको केन्द्रीय कार्यसमितिको बैठकले घटनाको निष्पक्ष छानबिनका लागि उच्चस्तरीय आयोग गठन गर्न यसअघि नै माग गरिएको स्मरण गराएको छ । कांग्रेसका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालद्वारा जारी प्रेस विज्ञप्तिअनुसार सुनसरीको देवानगञ्ज-कप्तानगञ्ज, सिरहालगायतका स्थानमा निर्दोष नागरिकले ज्यान गुमाएको तथा निजी सम्पत्तिमा आगजनी र तोडफोड हुँदा ठूलो क्षति भएको उल्लेख छ ।

पीडित पक्षलाई न्याय दिने प्रतिबद्धतासहित सरकारले सहमति गरे पनि हालसम्म चार जनालाई सहिद घोषणा गर्नेबाहेक अन्य सहमति कार्यान्वयन हुन नसकेको कांग्रेसको आरोप छ । सरकारले गरेका सहमति अविलम्ब कार्यान्वयन गरी आवश्यक प्रक्रिया अघि बढाउन कांग्रेसले माग गरेको छ ।

त्यसैगरी, कांग्रेसले चिकित्सक, नर्स तथा स्वास्थ्यकर्मी, निजामती कर्मचारी, राहत शिक्षक, यातायात व्यवसायी, दुग्ध तथा उखु किसान, मिटरब्याज अर्थात् अनुचित लेनदेन पीडित सङ्घर्ष समिति लगायत विभिन्न पेसा तथा व्यवसायका सङ्घसंस्थासँग सरकारले गरेका सहमति कार्यान्वयनको माग गरेको छ । यसैबीच, केन्द्रीय कार्यसमितिको बैठकमा सदस्यले समसामयिक राजनीतिक तथा अन्य विषयमा आफ्नो धारणा राख्ने क्रम जारी रहेको छ। केन्द्रीय कार्यसमिति बैठकमा केन्द्रीय सदस्यहरूले धारणा राख्ने क्रम जारी रहेकाले बैठक आज विहान ११:३० बजे पुनः बस्ने कार्यतालिका रहेको कार्यवाहक मुख्यसचिव दुलालले जानकारी दिनुभयो ।

## लुम्बिनीमा आरोग्य पर्यटन प्रवर्द्धन अभियान

रूपन्देही । लुम्बिनी प्रदेशमा धार्मिक पर्यटनसँगै आरोग्य पर्यटन प्रवर्द्धन अभियान सुरु भएको छ। बुद्ध जन्मस्थल भ्रमण गर्ने स्वदेशी तथा विदेशी पर्यटकको बसाइ लम्ब्याउने उद्देश्यले आरोग्य अभियान थालिएको हो ।

निजी क्षेत्रको ट्रान्क्विलिटी स्पाले लुम्बिनीलाई केन्द्रमा राखेर हालै भैरहवामा पर्यटन व्यवसायीसँग अभियानबारे छलफल गरेको छ । स्पाका लुम्बिनी प्रदेश क्षेत्रीय निर्देशक नवीन थापाले आरोग्य पर्यटन सम्बन्धी 'प्याकेज'बारे जानकारी दिँदै योग, ध्यान, मसाज, हाइड्रोथेरापी, स्टिम बाथ, बडी स्क्रब, फिटनेस तथा अन्य आरोग्य सेवाका विशेषताबारे बताउनुभयो ।

लुम्बिनी प्रदेश होटल एसोसिएसन अध्यक्ष चन्द्रप्रकाश श्रेष्ठले अब आरोग्य पर्यटनको बजारीकरणमा लाग्नुपर्नेमा जोड दिनुभयो ।

नेपाल एसोसिएसन अफ ट्राभल एजेन्सिज (नाटा) का सदस्य चन्द्र थापाले आरोग्य पर्यटनलाई नियमित पर्यटकीय प्याकेजसँग जोड्न सके नेपालमा पर्यटकको बसाइ बढाउन सकिने बताउनुभयो ।

## प्राचीन धर्मग्रन्थ संकलन गर्दै धार्मिक पुस्तकालय

बागमती । हेटौंडा उपमहानगरपालिका-१० स्थित गोरक्षेश्वर दिव्यधाम, राप्तीघाटस्थित संस्कृत वेद विद्यालयमा अवस्थित पुस्तकालय मा प्राचीन धर्मग्रन्थ सङ्कलनलाई अभियानका रुपमा अघि बढाइने भएको छ ।

विक्रम संवत् २०५६ मा विद्यालय स्थापना भएदेखि नै विद्यार्थीका लागि अत्यावश्यक पुस्तक सङ्कलनबाट सुरु गरिएको पुस्तकालयलाई थप व्यवस्थित गर्दै प्राचीन महत्वका धार्मिक पुस्तक सङ्कलन गर्न लागिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामकृष्ण थापाले जानकारी दिनुभयो । पुस्तकालयमा हाल करिब २५० को सङ्ख्यामा मात्रै पुस्तक सङ्कलित भएको बताउँदै उहाँले प्राचीन महत्वका धार्मिक पुस्तक उपलब्ध गराउन सबैमा आग्रह गर्दै पुस्तकालयलाई व्यवस्थित बनाउनका प्रदेशको पर्यटन मन्त्रालयले गत आर्थिक वर्ष २०८१/०८२ मा रु दुई लाख उपलब्ध गराएको थियो ।

### धादिङमा चार धर्मका अगुवाको एउटै सन्देश

# घृणा र विभाजन होइन, संवाद र सहअस्तित्व

❑ *प्रत्यूष समाचारदाता*



धादिङबेशी । धार्मिक सहिष्णुता, सामाजिक एकता र आपसी सम्मानलाई थप बलियो बनाउने उद्देश्यसहित धादिङमा विभिन्न धर्मका अगुवा, नागरिक समाज तथा संघसंस्थाका प्रतिनिधिले साझा प्रतिबद्धता व्यक्त गरेका छन् । धर्मका नाममा घृणा, उत्तेजना र सामाजिक विभाजन सिर्जना हुन नदिने तथा सम्भावित विवादलाई संवाद र सहमतिबाट समाधान गर्ने उनीहरूको प्रतिबद्धता छ ।

'विविधतामा एकता, नेपाली समाजको मौलिकता' भन्ने नारासहित आयोजित सद्भावना प्रवचन तथा नागरिक समाज भेलामा हिन्दू, बौद्ध, इसाई र इस्लाम धर्मका अगुवाले आ-आफ्ना धार्मिक ग्रन्थ र शिक्षाका आधारमा मानवता, शान्ति, प्रेम, करुणा र सहअस्तित्वको सन्देश प्रस्तुत गरेका हुन् ।

कार्यक्रममा सहभागी धर्मगुरुले धार्मिक आस्था र अभ्यास फरक भए पनि सबै धर्मले मानव कल्याण, आपसी सम्मान र शान्तिपूर्ण समाज निर्माणलाई प्राथमिकता दिएको धारणा राखे । नेपालको धार्मिक तथा सांस्कृतिक विविधतालाई सामाजिक शक्तिका रूपमा स्वीकार गर्दै एकअर्काको धर्म, संस्कृति र विश्वासप्रति सम्मानभाव राख्नुपर्नेमा उनीहरूले जोड दिए ।

सनातन हिन्दु धर्मका तर्फबाट विश्व हिन्दु महासंघ धादिङका अध्यक्ष विष्णुप्रसाद न्यौपाने, बौद्ध धर्मका तर्फबाट नेपाल बौद्ध धर्म विश्व शान्ति चक्र संघ धादिङका अध्यक्ष गंगाबहादुर लामा, इसाई धर्मका तर्फबाट धादिङ इसाई समाजका अध्यक्ष लेकबहादुर तामाङ र इस्लाम धर्मका तर्फबाट मुस्लिम समाज धादिङका अध्यक्ष समसुदिन मियाँले प्रवचन दिएका थिए ।

उनीहरूले धार्मिक पहिचानलाई लिएर कसैको अपमान गर्ने, घृणा फैलाउने, उत्तेजना सिर्जना गर्ने वा हिंसा र सामाजिक विभाजनतर्फ उन्मुख गराउने गतिविधि स्वीकार्य हुन नसक्ने बताए । धार्मिक विषयमा कुनै विवाद वा असमझदारी देखिए त्यसलाई तत्काल संवाद, सहमति र मध्यस्थतामार्फत समाधान गर्नुपर्ने उनीहरूको भनाइ थियो ।

धादिङमा हालसम्म गम्भीर प्रकृतिको धार्मिक द्वन्द्वको अवस्था नदेखिएको उल्लेख गर्दै सहभागीहरूले भविष्यमा पनि जिल्लाको सामाजिक सद्भाव कायम राख्न धर्मगुरु, राजनीतिक दल, स्थानीय सरकार, नागरिक समाज, सञ्चारमाध्यम तथा सर्वसाधारण सबै जिम्मेवार बन्नुपर्ने आवश्यकता औंल्याए । भेलामा सहभागी धर्मगुरु, नागरिक समाजका प्रतिनिधि, विभिन्न संघसंस्था तथा सर्वसाधारणले धार्मिक सहिष्णुता र सामाजिक सद्भाव कायम गर्ने साझा प्रतिबद्धतापत्रमा हस्ताक्षरसमेत गरेका छन् ।

सोही अवसरमा आयोजित भेलाले उत्तम कडेलको संयोजकत्वमा नागरिक समाज धादिङ गठन गरेको छ । नवगठित नागरिक समाजले जिल्लामा सामाजिक सद्भाव, नागरिक सरोकार, संवाद र सहकार्य प्रवर्द्धनमा भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

बहुधार्मिक र बहुसांस्कृतिक नेपाली समाजमा पछिल्लो समय विभिन्न विषयलाई लिएर देखिन सक्ने तनाव र ध्रुवीकरणका बीच धादिङमा विभिन्न धर्मका अगुवा एउटै मञ्चमा उभिएर गरेको साझा प्रतिबद्धतालाई सामाजिक एकता सुदृढ गर्ने प्रयासका रूपमा हेरिएको छ ।

## धनकुटाको भेडेटार स्काइवाक नयाँ पर्यटकीय गन्तव्य

धनकुटा । यहाँस्थित भेडेटारमा सञ्चालित 'स्काइवाक' पछिल्लो समय नयाँ पर्यटकीय आकर्षणका रूपमा स्थापित हुँदै गएको छ । पारदर्शी सिसामाथि हिँड्दै प्राकृतिक सौन्दर्य अवलोकन गर्न पाइने भएकाले दैनिक सयौं पर्यटक'स्काइवाक' आउने गरेका छन् ।

वन्डर्स अम्युजमेन्ट पार्क्स एन्ड अट्राक्सन प्रालिले २०८१ साउन ११ गतेदेखि सञ्चालनमा ल्याएको 'स्काइवाक'मा दुई वर्षमा तीन लाख नौ हजारभन्दा बढी पर्यटक आएका छन् । परियोजनाका अनुसार पहिलो वर्ष एक लाख ७८ हजार र दोस्रो वर्ष एक लाख ३१ हजार पर्यटकले स्काइवाकको अवलोकन गरेका छन् ।

यसमा करिब ३५ प्रतिशत भारतीय पर्यटक रहेका छन् । स्काइवाकसँगै फ्री-फल जम्प र स्वीङजस्ता साहसिक गतिविधि पनि सञ्चालनमा रहेका छन् । आगामी दिनमा स्काइ साइक्लिङ, जिपलाइन र बालबालिकाका लागि उद्यान निर्माण गर्ने योजना रहेको परियोजनाका प्रबन्ध निर्देशक सञ्जीव रोकाहाले बताउनुभयो ।

समुद्री सतहबाट करिब एक हजार ४०० मिटर उचाइमा रहेको भेडेटारको स्काइवाकबाट सप्तकोशी नदी, पूर्वी तराईका फाँट तथा सगरमाथा, मकालु, कञ्चनजङ्घा लगायत हिमशृङ्खला अवलोकन गर्न सकिन्छ। मौसम सफा भएका दिन सूर्योदय र सूर्यास्तको दृश्यले पर्यटकलाई थप आकर्षित गर्ने गरेको छ । पहिलोपटक स्काइवाकमा चढ्दा छुट्टै अनुभूति भएको सुनसरीको देवानगन्जका आनन्दीकुमार चौधरीको भनाइ थियो । प्राकृतिक दृश्यावलोकनसँगै साहसिक अनुभूति लिन चाहनेहरूका लागि स्काइवाक उपयुक्त गन्तव्य बनेको होटल लावती कर्नेनका सञ्चालक लिलाराज लावतीले बताउनुभयो। होटल एसोसिएसन अफ भेडेटारका पूर्वअध्यक्षसमेत रहनुभएका उहाँले टावरको माथिबाट देखिने हिमाल, पहाड र तराईको सङ्गमले भेडेटारलाई कोशी प्रदेशको मात्र नभई देशकै महत्वपूर्ण पर्यटकीय गन्तव्यका रूपमा स्थापित गरेको छ भन्नुभयो । उहाँले स्काइवाकका कारण सानासाना पसलदेखि होटल व्यवसायलाई थप चलयमान बनाएको जानकारी दिनुभयो । "वार्षिक रु तीन लाख नवीकरण शुल्क, पर्यटन कर तथा भ्याट तथा अन्य विभिन्न कर पनि तिर्नुपर्छ", प्रबन्ध निर्देशक रोकाहाले भन्नुभयो, "गत वर्ष करिब रु नौ करोड कारोबार हुँदा करिब रु ४५ लाख रोयल्टी तिर्नुपरेको थियो, त्यति नै रकम मनोरञ्जन करमा पनि तिर्नुपरेको छ।" प्रदेश सरकारले पिपिपी परियोजनालाई प्रवर्द्धन गर्ने नीति लिएको भए पनि यस्ता परियोजनालाई दिगो बनाउन कर नीति पुनरवलोकन आवश्यक रहेका सञ्चालकको भनाइ छ। करको सट्टा व्यावहारिक र लगानीमैत्री नीति अपनाइए नयाँ परियोजना आकर्षित गर्न, पर्यटन विकास गर्न र दीर्घकालीन रूपमा राज्यको राजस्वसमेत बढ्नेछ ।

सम्पादकीय ....

## सुहाउँदो विकासको खाँचो

आधुनिक विकास सबैतिर पुग्नुपर्छ र हरेक वर्ग तथा क्षेत्रका बासिन्दाले समान रूपमा उपभोग गर्न पाउने सुनिश्चितता गर्नु राज्य तथा नागरिक सबैको दायित्व हो । सवाल यतिमात्र हो– शहरहरू बसाऔं तर मौजुदा सूक्ष्म-मौसमी विविधता, वातावरणीय स्वच्छता एवं स्थानीय पारिस्थितिकीय प्रणालीहरू बाँची रहून्, कम्तीमा पनि असर न्यूनीकृत भएका होउन् ताकि हाम्रा विकासका प्रयास दिगो बनून् र स्थानीयको जीविकोपार्जन आगामी दिनमा अझ बढी सहज होस् ।

मध्य-पहाडी क्षेत्रमा शहर बसाउन खोजिएका प्रायः स्थानको भू-बनावट उपत्यकीय प्रकृतिका छन् । यस्ता उपत्यकाहरूले आ-आफ्नै विशिष्ट भू-बनावट र क्षेत्रअनुसार आ-आफ्नै प्रकारका स-साना क्षेत्रकेन्द्रित विविधतायुक्त सूक्ष्म-मौसमी अवस्था सिर्जना गर्छन् । यिनै हरेक स-साना क्षेत्रमा सीमित भिन्नभिन्नै प्रकारका सूक्ष्म-मौसमी अवस्थाको गठजोडबाट स्थानीय मौसम तथा पारिस्थितिकीय प्रणालीहरू निःसृत भएका हुन्छन् ।

मध्य-पहाडी भेगजस्तो अति संवेदनशील क्षेत्रमा ठूलो संख्यामा शहर-बजार खडा गर्दा त्यसले यस भेगकै विद्यमान सूक्ष्म-मौसमी विविधता, वातावरणीय स्वच्छता एवं मौलिक पारिस्थितिकीय प्रणालीमा पर्न सक्ने असरबारे सचेत रहन नितान्त आवश्यक छ । यी असरबारे गम्भीर अनुसन्धान तथा भरपर्दो मूल्यांकन गरी न्यूनीकरणका उपाय सुझाई सोहीबमोजिम मात्रै शहरी विकास कार्य योजनाअघि बढाउन सकिए विकासको प्रयासमा विनाशको जोखिम निम्तन सक्ने सम्भावना कम हुनसक्छ ।

वातावरणीय प्रभाव अध्ययन मूल्यांकनको गाम्भीर्यलाई सामान्यीकृत गरी समालोचनात्मक प्रकृतिका प्रतिवेदनका आधारमा आयोजना कार्यान्वयनका लागि प्रक्रियागत आवश्यकता परिपूर्ति गर्नका लागि मात्र गर्ने, गराउने गरिएको प्रतीत हुन्छ । पर्यावरणीय तथा वातावरणीय असर मूल्यांकन कतै पनि अंकमा सुनिश्चित गरिएको भेटिँदैन । यस्ता अंकमा सुनिश्चित नगरिएका समालोचनात्मक असर मूल्यांकन तथा सुझाइएका न्यूनीकरणका उपाय सतही हुने भएकाले यस्ता प्रकृतिका अध्ययन प्रतिवेदनको खासै अर्थ हुँदैन ।

विद्यमान स्थानीय पारिस्थितिकीय प्रणाली अनुरूप चलिआएका ग्रामीण सामाजिक बन्दोबस्ती तथा जीविकोपार्जनका आधार शहरी विकाससँगै नराम्ररी खल्बलिन सक्छन् । यसो भन्दै गर्दा सदियौंदेखि जे-जस्तो छ, त्यसलाई अलिकति पनि चलाउनै हुँदैन भन्ने कदापि होइन ।

विकास आयोजना निर्माण प्रक्रियामा वातावरणीय प्रभाव मूल्यांकन तथा असर न्यूनीकरणलाई सैद्धान्तिक रूपमा स्वीकारिए पनि व्यवहारतः गम्भीरतापूर्वक अभिन्न अंगका रूपमा लिने गरिएको छैन । शहरी विकासको कुरा गर्दा सूक्ष्म-मौसमी विविधता तथा स्थानीय पारिस्थितिकीय प्रणाली संरक्षणका विषय राम्ररी बहसमा आउन सकेका छैनन् । वातावरणीय स्वच्छता एवं मौलिक पारिस्थितिकीय प्रणालीमा पर्ने असरको मूल्यांकन सामान्य अड्कलका भरमा नभई वैज्ञानिक प्रामाणिकतासहित अंकमा सुनिश्चित गरिएको हुनु आवश्यक छ ।

### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईंहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईंहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## तिम्बुङ पोखरी: प्रकृतिसँगको साक्षात्कार

सन्तोष पुर्कुटी

हिमाली प्रजातिका विभिन्न फूलहरूको मनमोहक दृश्य, धुपी र हिमाली वनस्पतिको मीठो सुगन्ध, हरियाली डाँडाकाँडा, याक र चौँरीका गोठ, चट्टानबीच छङ्छङ गर्दै बग्ने खोल्सा र हिमालको अनुपम दृश्यले सजिएको तिम्बुङ पोखरी पछिल्लो समय पूर्वी नेपालको आकर्षक साहसिक तथा प्राकृतिक पर्यटकीय गन्तव्यका रूपमा परिचित हुँदै गएको छ ।

यस पोखरीको प्रचारप्रसार बढ्दै जाँदा यहाँ आन्तरिक पर्यटकको चहलपहल पनि उल्लेखनीय रूपमा बढेको छ । हाल दैनिक सरदर दुई दर्जन बढी आन्तरिक पर्यटकहरू पुग्ने गरेका छन् । यहाँको प्रचारप्रसारसँगै पर्यटकको आगमन बढ्न थालेको स्थानीय पर्यटन व्यवसायी अमिर राई बताउनुहुन्छ । उहाँले तिम्बुङ पोखरीमा आउने पर्यटकको सुविधाका लागि पहिलोपटक सबैभन्दा माथि अर्थात् पोखरी नजिकै होमस्टे(घरबास पर्यटन) खोल्नुभएको छ ।

समुद्री सतहदेखि करिब चार हजार ३५० मिटरको उचाइमा अवस्थित तिम्बुङ पोखरी पुग्नु आफैंमा एउटा अविस्मरणीय यात्रा हो । सदरमुकाम फुङलिङबाट करिब पाँचदेखि छ घण्टाको सवारी यात्रा र त्यसपछि एक दिनको पैदल यात्रा तय गरेपछि पुगिने यो पोखरीले यात्रुलाई केवल गन्तव्यको आनन्द मात्र होइन, यात्राका क्रममा नै प्रकृतिसँगको गहिरो साक्षात्कार पनि गराउँछ । तिम्बुङ पोखरी पुग्ने अधिकांश मानिसले स्वर्गकै अनुभूति हुने गरेको बताउँछन् । एक वर्ष पहिले तिम्बुङ पोखरी पुग्नुभएकी पवित्रा लिम्बूलाई पुनः एकपटक तिम्बुङ पोखरी पुग्ने रहर छ । "पहिले तिम्बुङ पोखरी पुग्दा मैले जे अनुभव गरें, त्यो शब्दमा व्यक्त गर्न सक्दिन, त्यो यात्राले मेरो जीवनमा अविस्मरणीय सम्झना थपेको छ, यहाँको प्राकृतिक सौन्दर्य साँच्चै स्वर्गजस्तै लाग्यो", लिम्बूले भन्नुभयो ।

यता पटक-पटक पुगे पनि फोटोपत्रकार डेबिट ओझा रहर मेटिएको छैन । ओझा भन्नुहुन्छ, "हरेक पटक पुग्दाको मौसम, त्यहाँको प्राकृतिक वातावरणले गहिरो छाप छोड्ने गर्छ, शान्त वातावरण, हिमालको सौन्दर्य, साहसिक पदयात्रा र त्यस क्षेत्रमा हुने स्वागत सत्कार लोभ लाग्दो छ ।" कतिपय परम्परागत गोठहरू गोठस्टे (पर्यटकलाई राख्न सकिने गोठ) मा परिणत हुँदा र नयाँनयाँ होमस्टे थपिँदा आफ्नोमा आकर्षण गर्न गोठस्टे, होमस्टेले स्वागत सत्कारका नयाँनयाँ तरिका अपनाउने गरेको उहाँले बताउनुभयो । कतै छुर्पी खुवाएर, कतै तातोपानी, चिया खुवाएर आफ्नो परिवेशका कुरा सुनाएर यहाँका व्यवसायीले मख्ख बनाउने गरेको उहाँको अनुभव छ ।

### पदमार्गमा गोठस्टेको आकर्षण

आन्तरिक पर्यटकको आगमन बढेसँगै तिम्बुङ पोखरी जाने पदमार्गमा रहेका परम्परागत गोठहरू अहिले गोठस्टेमा रूपान्तरण हुन थालेका छन् । विभिन्न खर्कमा रहेका परम्परागत गोठका संरचनामा थप सुधार गरेर पर्यटकलाई खान बस्नको सुविधा सम्पन्न बनाइएका छन् । पहिले तिनै गोठमा असहज रुपमा बस्नुपर्थ्यो । तिम्बुङ क्षेत्रमा पर्यटकको चहलपहल बढेपछि गोठस्टेमा परिणत गर्नुपरेको एक पशुपालक व्यवसायीले बताउनुभयो । स्थानीय गाउँहरूमा होमस्टे र साना गेष्टहाउस पनि सञ्चालनमा आएका छन् । यसले तीन वर्षअघिको तुलनामा पर्यटकलाई सहज हुन थालेको छ । तिम्बुङ पोखरीमा तीन वर्षयता उल्लेख्य रूपमा पर्यटकहरूको आगमन बढ्न थालेको हो ।

यहाँका गोठस्टेमा बस्नु बिलकुल फरक र रोचक अनुभव प्राप्त गर्नु हो । सहर तथा भीडभाडबाट केही दिन टाढिँदै गर्दा लेकका फाट्टफुट्ट गोठमा बस्दा जो कसैलाई फरक र रोचक अनुभव हुनेगर्छ । याक र चौंरी पाल्ने गोठालासँग आगो ताप्दै जीवनका भोगाइ सुन्ने, अगेनामा उम्लिरहेको ताजा दूधको सुवास महसुस गर्ने, लहरै झुन्ड्याइएका छुर्पी हेर्ने र त्यही दूधजन्य उत्पादनको स्वाद लिन पाउनु यात्राको विशेष आकर्षण बन्ने गर्छ । यस क्षेत्रमा खोलिएका होमस्टेहरूले पनि स्थानीय संस्कृति, हिमाली जीवनशैली र आत्मीय आतिथ्यको अनुभव गराउँदै आएका छन् । यात्राका क्रममा समय र आवश्यकताअनुसार गोठस्टे, होमस्टे वा गेष्टहाउस रोज्न सकिन्छ ।

### प्राकृतिक वातावरणसँग साक्षात्कार

तिम्बुङ पोखरी आसपासमा विशेषगरी केन्जो पाइन्छ । पदमचाललाई केन्जो भन्ने गरिएको छ । पोखरीमै पुगेपछि केन्जोले सबैको मनलाई आकर्षित गर्ने गर्छ तर तिम्बुङ पोखरीको यात्रामा पोखरी पुग्नुअघि बाटोभरि विभिन्न हिमाली प्रजातिका फूलहरूले डाँडाकाँडालाई रङ्गीन बनाएका हुन्छन् । जहाँ बगैंचामा कोही मालीले रोपेको, हुर्काएको जस्तै गरी ढकमक्क फुलेका विभिन्न फूलले उतै घर सारौं भन्ने धेरैलाई लाग्दो हो । चट्टानबीच छङ्छङ गर्दै बग्ने ससाना खोल्साको मधुर आवाज, हरियाली वन, खुला चरन क्षेत्र र टाढासम्म देखिने हिमशृङ्खलाले सबैलाई स्वर्गकै आभास गराउँछ ।

तिम्बुङ पोखरी क्षेत्र प्राकृतिक सौन्दर्यले मात्र होइन, जैविक विविधताका दृष्टिले पनि अत्यन्त महत्वपूर्ण मानिन्छ । यहाँ विश्व संरक्षण सूचीमा रहेको रेड पाण्डासहित बहुमूल्य जडीबुटी-केन्जो (पदमचाल), पाँचऔंलेलगायतका जडीबुटी पाइन्छन्, जसले तिम्बुङ पोखरीलाई अध्ययन अनुसन्धानको गन्तव्य पनि बनाएको छ ।

### तिम्बुङ पोखरी धार्मिक रुपमा पनि महत्वपूर्ण

तिम्बुङ पोखरी प्राकृतिक रुपमा मात्रै नभई धार्मिक आस्थाको केन्द्र पनि हो । धार्मिक हिसाबले यसलाई महत्वपूर्ण मान्ने गरिएको छ । स्थानीय समुदायले यस पोखरीलाई आस्थाको केन्द्रका रूपमा लिँदै आएका छन् । यही धार्मिक महत्व र प्राकृतिक रूपमा सुन्दर भएकाले नेपाल सरकारले देशका प्रमुख पर्यटकीय गन्तव्यमा तिम्बुङ पोखरीलाई पनि समावेश गरेको छ । यहाँ पूजा आराधना गरे मनोकामना पूरा हुने, अनिष्ट नहुने जनविश्वास रहिआएको छ । त्यसैले मानिसहरू धार्मिक हिसाबले समेत यहाँ पुग्ने गर्छन् ।

### अझै चुनौती

पर्यटनको सम्भावना उच्च भए पनि तिम्बुङ पोखरी क्षेत्र पूर्वाधार विकासका हिसाबले भने अझै पछि परेको स्थानीयको भनाइ छ । समाजसेवी कैलाश राईले पोखरी जाने पदमार्ग, विश्रामस्थान, अन्य आवश्यक संरचना निर्माणका लागि तीनै तहका सरकारको प्राथमिकतामा पर्नुपर्ने बताउनुभयो । स्थानीय तहले केही लगानी गरे पनि त्यो पर्याप्त हुन नसकेको उहाँको भनाइ छ । यातायातका लागि सडकको स्तरोन्नति, पदयात्राका लागि पदमार्गको दिगो र भरपर्दो व्यवस्थापन हुन सके पर्यटकीय गतिविधि थप बढेर जाने उहाँको विश्वास छ ।

तिम्बुङ पोखरीको प्रचारप्रसारका लागि स्थानीय सरकारको सहयोगमा विभिन्न खेलकुदसहितका गतिविधि हुने गरेकाछन् । केही वर्ष पहिले यहाँ तिम्बुङपोखरी ट्रेल रन आयोजना गरिएको थियो । त्यसै क्रममा प्रचारप्रसारका अन्य गतिविधि समेत भएका थिए । त्यसपछि यहाँ क्रमस पर्यटकहरुको आगमन बढ्दै गएको पर्यटन व्यवसायी अमिर राईले बताउनुभयो ।

भारतको सिक्किमसँग सिमाना जोडिएको तिम्बुङ पोखरी आसपास हाँडी पोखरी, लक्ष्मी पोखरी, लाम पोखरीलगायत थुप्रै पोखरी रहेका छन् । पर्यटन व्यवसायीका अनुसार आवश्यक पूर्वाधार निर्माण, पदमार्ग व्यवस्थापन र प्रभावकारी प्रचारप्रसार गर्नसके तिम्बुङ पोखरीलाई आधार बनाएर सिक्किम हुँदै भारतबाट आउने पर्यटकलाई पूर्वी नेपालको अन्य पर्यटकीय गन्तव्यसम्म आकर्षित गर्न सकिन्छ । यसरी पर्यटकीय परिपथ नै बनाएर अघि बढ्नसके जिल्लाको समग्र पर्यटन क्षेत्रले थप गति लिने र यसले सबैलाई फाइदा पुग्ने व्यवसायीको विश्वास छ ।

प्राकृतिक सौन्दर्य, जैविक विविधता, धार्मिक आस्था, स्थानीय संस्कृति र साहसिक पदयात्राको अनुपम सङ्गम बनेको तिम्बुङ पोखरी पूर्वी नेपालको उदाउँदो पर्यटन गन्तव्यका रूपमा स्थापित हुँदै गएको र अझ व्यवस्थित पूर्वाधार, दिगो पर्यटन योजनासहित प्रवर्द्धन गर्न सकिए तिम्बुङ पोखरीले जिल्लालाई मात्रै नभई मुलुकलाई नै फाइदा पुग्ने पर्यटन व्यवसायीहरू बताउँछन् । ताप्लेजुङको सिदिङ्वा गाउँपालिकाअन्तर्गत पाँचथर ताप्लेजुङको सीमावर्ती क्षेत्रमा पर्ने यस पोखरीमा पाँचथर, ताप्लेजुङ दुवै जिल्लाबाट पुग्न सकिने बाटोहरू छन् ।

## पहिरोपीडित परिवारलाई एक लाख एक हजार सहयोग

दमौली । तनहुँको म्याग्दे गाउँपालिका-४ स्थित थर्पु बजार खानेपानी उपभोक्ता तथा सरसफाइ समितिले सामाजिक उत्तरदायित्व तथा मानवीय सेवाको भावनालाई आत्मसात् गर्दै गोरखाको लक्ष्मीबजारका पहिरोपीडित परिवारलाई आर्थिक सहयोग गरेको छ ।

वर्षाका कारण गोरखाको लक्ष्मीबजारमा यही साउन १८ गते मानसिंह गुरुङको घर पहिरोबाट भएपछि विपद्मा परेको परिवारलाई समितिले रु एक लाख एक हजार १११ आर्थिक सहयोग हस्तान्तरण गरेको हो ।

थर्पु बजार खानेपानी उपभोक्ता तथा सरसफाइ समितिमा पदमबहादुर गुरुङले आफ्ना स्वर्गीय बुवा लोकबहादुर गुरुङको स्मृतिमा रु दश लाखको 'लोक बहादुर गुरुङ स्मृति अक्षयकोष' स्थापना गर्नुभएको छ । उक्त अक्षयकोषबाट प्राप्त हुने ब्याज रकम सामाजिक सेवा, मानवीय सहयोग तथा विपद्मा परेका व्यक्तिको राहतमा उपयोग गर्ने उद्देश्य राखिएको छ ।

सोही उद्देश्यअनुसार अक्षयकोषबाट प्राप्त ब्याजबाट पहिरोपीडित परिवारलाई सहयोग गरिएको समितिले जनाएको छ ।

समितिका अध्यक्ष नरसिंह राना, पूर्वअध्यक्ष शेरकुमार मल्लले लक्ष्मीबजारमै पुगेर पीडित परिवारलाई सहयोग रकम हस्तान्तरण गर्नुभयो ।

**अनलाइन ठगी हुनबाट बचौं**

- **अपरिचित नम्बर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ ।**
- **अपरिचित ब्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔं ।**
- **बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,**
- **आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,**
- **अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइवर ब्युरोमा उजुरी वा जानकारी गराऔं,**
- **अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,**
- **अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।**

**नेपाल सरकार,**
**विज्ञापन बोर्ड**

नेपाली जनसम्पर्क समिति फ्रान्सको तेस्रो अधिवेशन

## शिवराम भण्डारीको नेतृत्वमा नयाँ कार्यसमिति सर्वसम्मत चयन

फ्रान्स। पेरिसमा सम्पन्न नेपाली जनसम्पर्क समिति फ्रान्सको तेस्रो अधिवेशनले शिवराम भण्डारीको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत रूपमा निर्वाचित गरेको छ। ९ अगस्ट २०२६ मा आयोजित भव्य समारोहका बीच संस्थाको विधानबमोजिम सम्पन्न निर्वाचन प्रक्रियामार्फत भण्डारीको नेतृत्वमा सशक्त र जुझारु टिम चयन भएको हो।

निवर्तमान सभापति सुधीर रानाको सभापतित्व एवं संस्थापक सभापति निर्मल अर्यालको दीप प्रज्वलनबाट सुरु भएको उद्घाटन सत्रमा राष्ट्रिय गानका साथै लोकतान्त्रिक आन्दोलनका ज्ञात(अज्ञात सहिद तथा संस्थापक संरक्षक स्व. किरणचन्द्र सिंह प्रधानको स्मृतिमा एक मिनेट मौनधारण गरिएको थियो। केन्द्रीय निर्वाचन प्रतिनिधी धुवराज पौडेल प्रमुख अतिथि र केन्द्रीय पर्यवेक्षक अंकील ओली विशिष्ट अतिथिका रूपमा सहभागी हुनुभएको उक्त अधिवेशन निर्वाचन संयोजक सुवर्णविक्रम हमालको कुशल संयोजनमा पूर्ण रूपमा निष्पक्ष, पारदर्शी र विधानसम्मत ढङ्गले सम्पन्न भएको थियो।

अधिवेशनमा एनआरएनए फ्रान्सका पूर्वमहासचिव एवं जनसम्पर्क समितिका पूर्वमहामन्त्री कमलबिक्रम केसी, एनआरएनए फ्रान्सका पूर्वउपाध्यक्ष चेनभक्त ढुंगाना, वरिष्ठ पत्रकार दीपक चालिसे तथा संस्थापक कोषाध्यक्ष देविजङ्ग गुरुङलगायतका अग्रणी व्यक्तित्वहरूको बाक्लो उपस्थिति रहेको थियो। कार्यक्रममा बोल्दै संस्थापक नेतृत्वले प्रवासमा रहेका नेपालीहरूलाई एकताबद्ध बनाउन जनसम्पर्क समितिको भूमिका अतुलनीय रहेको चर्चा गर्दै नयाँ टोलीलाई शुभकामना व्यक्त गर्नुभयो।

दुई कार्यकाल सफलतापूर्वक सम्पन्न गरी नेतृत्व हस्तान्तरण गर्नुभएका निवर्तमान सभापति सुधीर रानाले आफ्ना अनुभव साझा गर्दै नयाँ समितिलाई पूर्ण सहयोगको प्रतिबद्धता जनाउनुभयो। नवनिर्वाचित सभापति शिवराम भण्डारीले संस्थाको गरिमालाई अझ उच्च बनाउँदै फ्रान्सस्थित नेपाली समुदायको हकहित, एकता र लोकतान्त्रिक मूल्य(मान्यताको रक्षाका लागि आफ्नो टिम निष्ठापूर्वक क्रियाशील रहने प्रण गर्नुभयो। नयाँ कार्यसमितिको वरिष्ठ उपसभापतिमा कृष्ण गुरुङ, उपसभापतिद्वयमा विकास के.सी. र सुजन राज भट्ट तथा महामन्त्रीमा सुशिल भण्डारी चयन हुनुभएको छ। सह-महामन्त्रीको जिम्मेवारी विवेक धमला र कोषाध्यक्षको दायित्व दिपेन्द्र दाहालले सम्हाल्नुभएको छ भने कार्यसमिति सदस्यहरूमा सचिन सेन, सागर गुरुङ र चिरञ्जीवी सापकोटा निर्वाचित भएको महामन्त्री शुशिल भण्डारीले जानकारी गराउनु भयो।

## कनकाईका ९७ जनाले लिए भूमिसम्बन्धी सेवा

भद्रपुर (झापा)। यहाँको कनकाई नगरपालिकाबाट हालसम्म ९७ जनाले भूमि प्रशासनसम्बन्धी सेवा लिएका छन्। नगरपालिकाको भूमि प्रशासन शाखामार्फत स्थानीयवासीलाई धनीपुर्जा वितरण, जग्गापास तथा कित्ताकाटलगायतका सेवा प्रदान हुँदै आएको छ।

नगरपालिकाका भूमि प्रशासन शाखा प्रमुख बद्रीकुमार दाहालका अनुसार कनकाई नगरपालिकाले गत असार ८ गतेदेखि भूमि प्रशासनसम्बन्धी सेवा सञ्चालनमा ल्याएको थियो। उहाँका अनुसार, भूमि प्रशासन शाखामार्फत धनीपुर्जा वितरण तथा जग्गापाससम्बन्धी कार्य सहज रूपमा भइरहेको छ।

"भूमि प्रशासन तथा मालपोत सेवाअन्तर्गत धनीपुर्जा वितरण, कित्ताकाट तथा जग्गापाससम्बन्धी कार्य सहजरूपमा अघि बढिरहेका छन्," उहाँले भन्नुभयो, "हालसम्मको अद्यावधिक तथ्याङ्कअनुसार कुल ९७ वटा जग्गापाससम्बन्धी रोक्का तथा पासका काम सम्पन्न भइसकेका छन्।"

नगर प्रमुख राजेन्द्रकुमार पोखरेलले लामो प्रयासपछि भूमि प्रशासनसम्बन्धी सेवा स्थानीय तहबाटै उपलब्ध गराउन सफल भएको बताउनुभयो। उहाँले यसबाट नगरवासीले सहज, छिटो र पारदर्शी रूपमा सेवा पाउन थालेको बताउनुभयो। "यो सेवाले नागरिकमैत्री प्रशासनलाई थप सुदृढ बनाएको छ," नगर प्रमुख पोखरेलले भन्नुभयो।

कनकाई नगरपालिकामा भूमि प्रशासनसम्बन्धी सेवा प्रवाहका लागि १३ जना कर्मचारी खटाइएको नगरपालिकाले जनाएको छ।

## डाडाखेत-राहुघाट प्रसारण लाइन आयोजनाः ८९ प्रतिशत भौतिक प्रगति

म्याग्दी। म्याग्दीमा निर्माणाधीन १३२ केभी क्षमताको डाडाखेत-राहुघाट प्रसारण लाइन आयोजनाको तेस्रो पटक थपिएको म्याद सकिनै लाग्दा ८९ प्रतिशत भौतिक प्रगति भएको छ। मालिका गाउँपालिका-७ डाडाखेतदेखि रघुगङ्गा गाउँपालिका-३ अम्बाङ जोड्ने २५ किलोमिटर लामो प्रसारण लाइन र दुवै ठाउँमा सबस्टेसन निर्माणका लागि सन् २०२१ को डिसेम्बर ३१ मा रु तीन अर्ब ५७ करोडमा लार्सन एन्ड टर्वो लिमिटेडसँग ठेक्का सम्झौता भएको थियो।

पहिलो पटकको म्याद सन् २०२५ जुलाई १६ र दोस्रो पटकको म्याद नोभेम्बर १६ सम्ममा सकिएपछि २०२६ अगस्त १६ सम्मका लागि तेस्रो पटक म्याद थपिएको थियो।

आयोजनाका सहायक प्रबन्धक इन्जिनियर सुरज गुरुङले तेस्रो पटक थप भएको म्यादभित्र पनि ठेकेदारले काम सम्पन्न गर्न सक्ने अवस्था नदेखिएको बताउनुभयो।

"आयोजनाका तर्फबाट ठेकेदारलाई ताकेता, सरोकारवालासँग समन्वय, सहजिकरण भइरहेपनि अझै चार/पाँच महिना लाग्ने देखिएको छ," उहाँले भन्नुभयो," प्रसारण लाइनको क्षेत्राधिकारमा पर्ने वन क्षेत्रमा रुख कटान आदेश प्राप्त नहुनु, राहुघाट सबस्टेसन निर्माण स्थलको कमजोर भूगोल, विपद्को जोखिम र केही टावर निर्माण स्थलमा स्थानीयको विवादका कारणले निर्माण अवधि लम्बिएको हो।"

म्याग्दी र राहुघाट बेसिनका जलविद्युत् आयोजनाबाट उत्पादन हुने विद्युत्लाई केन्द्रीय प्रणालीमा आबद्ध गराउन नेपाल विद्युत् प्राधिकरणले सो प्रसारण लाइन निर्माण गरिरहेको हो। कुल १३२ केभी क्षमताको डबल सर्किट प्रसारण लाइनको हालसम्म ८२ वटामा ८० वटाको जग निर्माण र ७२ वटा टावर खडा भएका छन्। प्रसारण लाइन र सबस्टेसनको उपकरण आयात भइसकेको छ।

डाडाखेतको सबस्टेसनमा ९० प्रतिशत प्रगति भएको र २५ किलोमिटरमध्ये १२ दशमलव एक किलोमिटर प्रसारण लाइनको तार तान्ने काम सकिएको छ। डाडाखेत सबस्टेसनको भौतिक संरचना निर्माण सकेर परीक्षण कार्य भइरहेको आयोजना प्रमुख रोशन अग्रवालले बताउनुभयो।

कुल ५१ रोपनी क्षेत्रफलमा निर्माण भएको डाडाखेत सबस्टेसनमा १३३/३३ केभी, ३० एमभिए क्षमता र एआइएस प्रविधिको उपकरण जडान भइरहेको छ। यस्तै, २२०/१३२/३३ केभी, २०० एमभिए क्षमताको उपकरण जडान हुने जिआइएस प्रविधिको राहुघाट सब स्टेसनमा उपकरण राख्ने र कार्यालयको भवन निर्माण अन्तिम चरणमा पुगेको छ।

कुल रु चार अर्ब ८८ करोड लागत अनुमान गरिएको आयोजना निर्माणका लागि रु एक अर्ब पाँच करोड विद्युत् प्राधिकरण र रु तीन अर्ब ८२ करोड एसियाली विकास बैङ्कको ऋण लगानी छ। एसियाली विकास बैङ्कसँग भएको २७ मिलियन डलर ऋण सम्झौता पछिल्लो पटक बढाएर ३१ मिलियन डलर बनाइएको छ। एसियाली विकास बैङ्ले विद्युत् प्रसारण लाइन आधुनिकीकरण परियोजनामार्फत राहुघाट-डाडाखेत प्रसारण लाइन बनाउन ऋण लगानी गरेको हो। प्रसारण लाइनको मार्गाधिकार र टावर रहने २५ दशमलव ६२ हेक्टर सामुदायिक र राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्नका लागि २०८० फागुन ६ गतेको मन्त्रिपरिषद्ले बैठकले स्वीकृति दिएको दुई वर्ष दुई महिनापछि डिभिजन वन कार्यालयबाट गत जेठ महिनाको पहिलो साता कटान आदेश प्राप्त भएको थियो।

आयोजना निर्माण स्थलमा तीन हजार ९३६ वटा रुख छन्। प्रसारण लाइनका ८२ वटा टावरमध्ये ४० वटा वन क्षेत्र र ४२ वटा व्यक्तिगत जग्गामा छन्। वन क्षेत्रको जग्गा प्रयोग गरेवापत आयोजनाले २०८१ असोजमा ५०४ रोपनी जग्गा खरिद गरी बिरुवा हुर्काउनका लागि पहिलो किस्ता बापतको रकम पनि उपलब्ध गराइसकेको थियो। म्याग्दी नदीमा १७२ दशमलव आठ मेगावाट क्षमताको चार वटा जलविद्युत् आयोजना निर्माणाधीन छन्। राहुघाटमा ३५ दशमलव पाँच मेगावाटको चिमखोला-राहुघाट-मङ्गले, ४८ मेगावाट को अपर राहुघाट, २१ दशमलव तीन मेगावाट क्षमताको ठूलोखोला र २३ दशमलव पाँच मेगावाट क्षमताको माथिल्लो ठूलोखोला जलविद्युत् आयोजनाले उत्पादन थालेका छन्। ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजना निर्माणको अन्तिम चरणमा छन्। तुदी पावरले बनाएको चिमखोला-राहुघाट-मङ्गले र संयुक्त ऊर्जाको ठूलोखोला जलविद्युत् आयोजनाले अस्थायी टावर बनाएर २२० केभी क्षमताको कालीगण्डकी प्रसारण लाइनमा विद्युत् आपूर्ति गराएका छन्।

## महाकाली अस्पतालमा मिर्गौला पीडितको चाप

महेन्द्रनगर। मिर्गौला पीडित बिरामीको चाप बढेपछि कञ्चनपुरको महेन्द्रनगरस्थित महाकाली प्रादेशिक अस्पतालले तेस्रो सिफ्ट (राति) मा पनि 'डायलाइसिस' सेवा सञ्चालन गर्ने तयारी गरेको छ।

अस्पतालमा डायलाइसिस सेवाका लागि शैया, मेसिन र जनशक्तिको अभाव हुँदा मिर्गौला पीडित बिरामीलाई सेवा दिन समस्या भइरहेको छ।

महाकाली प्रादेशिक अस्पतालका प्रवक्ता डा अर्जुन भट्टले बिरामीको चापअनुसार जनशक्ति, शय्या र मेसिनको व्यवस्थापन गरी सेवा सहज बनाउन प्रयास भइरहेको जानकारी दिनुभयो।

"१० वटा बेड छन्, दैनिक १८ देखि १९ जनालाई डायलाइसिस सेवा दिनुपर्ने अवस्था छ", डा भट्टले भन्नुभयो, "जनशक्ति लगायतका विषयमा संरचना विस्तारका लागि माथिल्लो निकायसँग छलफल भइरहेको छ।" उहाँका अनुसार दैनिक २० देखि २५ जना बिरामी डायलाइसिसका लागि अस्पताल आउने गरेका छन्। डायलाइसिस सेवामा कार्यरत तथा सम्पर्क व्यक्ति यशोदा गिरीले बिरामीको चापलाई ध्यानमा राखेर दैनिक तीन शत्रमा सेवा सञ्चालन गर्ने तयारी भइरहेको जानकारी दिनुभयो।

"अहिले बिहान र बेलुकी गरी दुई सिफ्टमा डायलाइसिस सेवा दिइरहेका छौँ", उहाँले भन्नुभयो, "रातिको समयमा पनि सेवा दिने गरी जनशक्ति र आवश्यक उपकरण व्यवस्थापनको काम अघि बढेको छ।" अस्पतालमा सेवा पाउन नसक्ने अवस्थामा बिरामी धनगढीलगायत अन्यत्र जाने गरेको उहाँले बताउनुभयो।

महाकाली प्रादेशिक अस्पताल व्यवस्थापन समितिका सदस्य इन्द्र साउदले कोरोना महामारीका बेला प्रयोगमा ल्याइएको ल्याबको भवनबाट अहिले डायलाइसिस सेवा सञ्चालन भइरहेको बताउनुभयो। उहाँका अनुसार जनशक्तिको अभावका कारण रातिको सत्र सञ्चालन गर्न सकिएको छैन। "डायलाइसिसका लागि जनशक्तिको निकै अभाव छ", उहाँले भन्नुभयो, "रातिको सिफ्ट सञ्चालन गर्न प्रदेश र सङ्घीय सरकारसँग आवश्यक जनशक्ति उपलब्ध गराउन आग्रह गरिरहेका छौँ।" अस्पतालमा डायलाइसिस सेवा लिन आउने बिरामीको चाप अत्यधिक बढेको उहाँले बताउनुभयो।

## समझदारीपत्रमा हस्ताक्षर

काठमाडौँ। नेपालको शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रमा भारत सरकारले रु ८० करोड ३० लाख बराबरको सहयोग उपलब्ध गराउने भएको छ।

परियोजना सञ्चालनसम्बन्धी समझदारीपत्रमा नेपाल सरकारका सम्बन्धित निकाय र नेपालस्थित भारतीय राजदूतावासका अधिकारीले गत मङ्गलबारै हस्ताक्षर गरेका हुन्।

सम्झौताअनुसार कोशी प्रदेशको धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको 'डिजिटलाइजेसन', भोजपुरको टेम्केमैयुङ गाउँपालिका-९ मा कृषि उत्पादन सङ्कलन तथा बिक्री केन्द्र निर्माण हुनेछ। यस्तै, मोरङको बेलबारी नगरपालिका-३ मा बेलबारी बहुमुखी क्याम्पसको भवन निर्माण




र सुनसरीको बर्जु गाउँपालिकामा १५ शय्याको अस्पताल भवन निर्माण गरिनेछ। त्यस्तै, बागमती प्रदेशको धादिङको ज्वालामुखी गाउँपालिका-६ मा नगदे कृषि तथा पशुपन्छी केन्द्र भवन, कर्णाली प्रदेशको दैलेखको डुङ्गेश्वर गाउँपालिका-५ मा १० शैयाको अस्पताल निर्माण हुनेछ।

त्यस्तै, हुम्लाको सर्केगाड गाउँपालिका-४ मा कृषि प्रवर्द्धन केन्द्र र गण्डकी प्रदेशको स्याङ्जा स्थित कालीगण्डकी गाउँपालिका-४ मा कोल्ड स्टोर निर्माण गरिनेछ। यी परियोजना नेपाल सरकारका स्थानीय निकाय तथा संस्थामार्फत कार्यान्वयन गरिने छ।

## म्याग्दीमा पाँच प्रतिशतले आलु उत्पादन घट्यो

म्याग्दी। म्याग्दीमा यस वर्ष आलु उत्पादन घटेको छ। आलु म्याग्दीबाट निर्यात हुने प्रमुख कृषि उपज हो। गत वर्षको तुलनामा पाँच दशमलव ३७ प्रतिशत आलु उत्पादन घटेको कृषि विकास कार्यालयले जनाएको छ।

कार्यालयका प्रमुख सञ्जीव बास्तोला ले यस वर्ष म्याग्दीमा एक हजार ८४० हेक्टर क्षेत्रफलमा ३३ हजार १२० मेट्रिक टन आलु उत्पादन भएको जानकारी दिनुभयो। "अघिल्लो वर्षको तुलनामा थप २० हेक्टर क्षेत्रफलमा आलु खेती विस्तार भए पनि वैशाख र जेठ महिनाको असिनाले बोट हुर्किन तथा दाना बढ्न नपाउँदा उत्पादन घटेको हो," उहाँले भन्नुभयो, "अघिल्लो वर्ष प्रतिहेक्टर १९ दशमलव पाँच मेट्रिक टनका दरले आलु उत्पादन भएकामा यस वर्ष आलुको उत्पादकत्व घटेर प्रतिहेक्टर १८ मेट्रिकटन भएको छ।"

कार्यालयले जिल्लाका विभिन्न २४ ठाउँमा नमूना सङ्कलन गरेर उत्पादनको अवस्था पहिचान गरेको हो। गत वर्ष एक हजार ८२० हेक्टर क्षेत्रफलमा ३५ हजार मेट्रिक टन आलु उत्पादन भएको थियो। आर्थिक वर्ष २०८०/८१ म एक हजार ७५० हेक्टरमा जिल्लामा ३१ हजार ४५० मेट्रिक टन आलु उत्पादन भएको थियो। केन्द्रका अनुसार म्याग्दीबाट वार्षिक रु १० करोड मूल्यबराबरको आलु पोखरा, काठमाडौँलगायत बजारमा बिक्री हुने गर्छ। सरदर प्रतिकेजी रु ४० देखि ४५ का दरले बारीबाटै आलुको व्यापार हुने गरेको छ। रघुगङ्गा गाउँपालिका-८ मङ्गलेखानीकी बलदेवी छन्त्यालले गत वर्ष दुई मुरी आलु फलेको बारीमा यसपाली मुस्किलले एक मुरी आलु खनेको बताउनुभयो। "असिनाले हुर्कँदै गरेको अवस्थामा चुटेर आलुको बोटका सबै पात झारिदिएपछि लागेको दाना ठूला हुन र थप दाना फल लाग्नै नपाउँदा उत्पादन आधाले घटेको छ," उहाँले भन्नुभयो, "पोहोर साल ५० मुरी आलु फलाएको थिए।" कृषक छन्त्यालका उहाँका अनुसार लेकाली क्षेत्रको चिसो हावापानीमा उत्पादन भएको आलु स्वादिलो र पोषिलो हुने भएकाले जिल्ला बाहिरबाट अत्यधिक मात्रामा माग आउने गरेको छ।

अन्नपूर्ण गाउँपालिकाको शिख, खिबाङ, राम्चे, काफलडाँडा नाङ्गी, हिस्तान, पाउद्वार, रघुगङ्गा गाउँपालिकाको कुइनेमङ्गले, दर्मिजा, चिमखोला, ठाडाखानी, बेनी नगरपालिकाको भकिम्लीलगायत ठाउँमा आलु उत्पादन हुन्छ। सवारीसाधनको पहुँच पुगेपछि गाउँगाउँमा उत्पादन भएको आलुले बजार पाउन थालेको हो। गत वर्षमा ३३ हेक्टर क्षेत्रफलमा खायन आलु प्रवर्द्धन कार्यक्रम सञ्चालन भएको कार्यालयले जनाएको छ। कार्यक्रममार्फत कृषक समूह र सहकारीहरूलाई बीउ, यान्त्रिकीकरण, सिँचाइ पूर्वाधार, प्याकेजिङ र ढुवानीका लागि रु ४० लाख अनुदान उपलब्ध गराएको कार्यालय प्रमुख बास्तोलाले बताउनुभयो।

# ऐतिहासिक गोसाइँकुण्ड मेला व्यवस्थापन तयारी सुरु

रसुवा। जनैपूर्णिमाका दिन पवित्र तीर्थस्थल गोसाइँकुण्डमा हरेक वर्ष लाग्ने धार्मिक मेलालाई सहज र सफल बनाउनेक्रममा ११ वटा उपसमिति गठन भई व्यवस्थापकीय काम सुरु भएको छ ।

लाङटाङ राष्ट्रिय निकुञ्जको अगुवाइमा सरसफाइ तथा वातावरण संरक्षण, स्वयंसेवक परिचालन, स्वास्थ्य सेवा, प्रचार-प्रसार, यातायात व्यवस्थापन, आर्थिक, समन्वय तथा आन्तरिक व्यवस्थापन, सुरक्षा, दररेट निर्धारण समितिलगायत ११ वटा समेत गठन भएसँगै तयारीको काम सुरु भएको हो ।

निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार आगामी भदौ १२ गते जनैपूर्णिमाका अवसरमा लाग्ने प्रसिद्ध धार्मिक तीर्थ गोसाइँकुण्ड मेला भर्न आउने श्रद्धालु भक्तजनको यात्रा सहज, सफल र सुरक्षित बनाउने उद्देश्यले गठन भएका उपसमितिहरूले काम सुरु गरेका छन् । यसैगरी स्थानीय तह र समुदाय, सुरक्षा निकाय, स्वास्थ्य संस्थाबीच समन्वयसहित सहकार्य भइरहेको छ ।

गोसाईकुण्ड धार्मिक पैदल मार्गको मर्मतसम्भार तथा सरसफाइ, होटल तथा लजको सुदृढीकरण, खाना-नास्ता र खानेपानीको व्यवस्थापन, स्वास्थ्य शिविर सञ्चालनसहित उद्धार तथा राहत व्यवस्थापनसँग सम्बन्धित काम अघि बढेको गोसाइँकुण्ड गाउँपालिका-६ का वडाध्यक्ष दावा सिदार तामाङले जानकारी दिनुभयो । लेक लाग्ने समस्यालाई मध्यनजर गर्दै अक्सिजन सहितको चिकित्सक टोली गोसाइँकुण्डमा तैनाथ गरिने भएको छ ।

हिमालय उद्धार सङ्घका कार्यकारी निर्देशक गोविन्द बत्यालका अनुसार स्थानीय जिल्ला स्वास्थ्य कार्यालय, लाङटाङ राष्ट्रिय निकुञ्ज, जिल्ला प्रशासन कार्यालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, गोसाइँकुण्ड क्षेत्र विकास समिति, सञ्चारकर्मी तथा नागरिक समाजसँगको समन्वयमा स्वास्थ्य उपचार तथा उद्धार, सुरक्षा, प्रचारप्रसारलगायतका काम गरिने छ ।

गोसाइँकुण्ड गाउँपालिकाका अध्यक्ष कैसाङनुर्पु तामाङले मौसममा आउने प्रतिकूलताका आधारमा कुनै तीर्थयात्री गम्भीर बिरामी परेमा सम्भव हुनेमा सवारीसाधन र त्यसबाट नभए हेलिकोप्टर समेत प्रयोग गरी निःशुल्क रुपमा बिरामीको उद्धार गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो । समुद्री सतहबाट चार हजार तीन सय ८० मिटर उचाइमा अवस्थित पवित्र गोसाइँकुण्डमा जनै पूर्णिमाका दिन स्नान, पूजा र दर्शन गर्नाले सम्पूर्ण देवदेवताको एकैसाथ दर्शन गरी पुण्य प्राप्त हुने धार्मिक विश्वाससहित नेपाल तथा भारतलगायत विभिन्न स्थानबाट उल्लेख्य सङ्ख्यका भक्तजन हरेक वर्ष गोसाइँकुण्ड पुग्ने गरेका छन् । काठमाडौँबाट यात्रा सुरु गरी पहिलो दिन रसुवाको देउराली र दोस्रो दिन गोसाइँकुण्ड पुग्न सकिने भएकाले गोसाइँकुण्ड प्रमुख धार्मिक गन्तव्यका रूपमा परिचित भई पहिलो रोजाइमा परेको भक्तजन सोनाम ग्याल्वो घलेले जानकारी दिनुभयो ।

मेला नजिकिँदै जाँदा स्थानीय होटल तथा व्यवसायीहरूले खाद्यान्न, दैनिक उपभोग्य सामग्री र आवश्यक सामान ढुवानी सुरु गरिसकेका छन् । होटल व्यवसायी पासाङ घ्युर्मी तामाङका अनुसार तीर्थयात्रीको चापलाई ध्यानमा राखी खाद्य सामग्रीको पर्याप्त व्यवस्थाका लागि ढुवानी कार्य सुरू भइसकेको छ । पैदलमार्गमा २०० वटा (थर्कु) छाप्रा बनाउने काम सुरु भएको वडाध्यक्ष तामाङले जानकारी दिनुभयो ।

धार्मिक आस्था, प्राकृतिक सौन्दर्य र हिमाली सभ्यताको अनुपम सङ्गमका रूपमा परिचित गोसाइँकुण्डमा यस वर्ष पनि हजारौं श्रद्धालुको उपस्थिति रहने अपेक्षा गरिएको गोसाइँकुण्ड क्षेत्र विकास समितिका अध्यक्ष सञ्जिव डिएमले बताउनुभयो ।

यसैबीच, रसुवाका प्रमुख जिल्ला अधिकारी नरेन्द्र परियारले गोसाइँकुण्ड मेला भर्न आउने यात्रुलाई आवश्यक सुरक्षा एवं उद्धारको आवश्यक व्यवस्था गरिएकाले निर्धक्क भई यात्रा गर्न अनुरोध गर्नुभएको छ ।

# माग बढेसँगै अण्डाको समर्थन मूल्य बढ्यो

चितवन । अण्डाको माग बढेपछि व्यवसायीले समर्थन मूल्य बढाएका छन् । नेपाल लेयर्स कुखुरापालक सङ्घले बुधबार देखि लागू हुने गरी अण्डाको समर्थन मूल्य बढाएको हो ।

सङ्घका अनुसार एक्सएल अण्डा प्रतिक्रेट (३० वटाको) रु ५६०, ठूलो अण्डा रु ५४५, मिडियम रु ५०० र सानो रु तीन हजार प्रतिपेटी (सात क्रेट) समर्थन मूल्य कायम गरिएको हो । सङ्घका अध्यक्ष विनोद पोखरेलका अनुसार बर्डफ्लुको सङ्क्रमण हटेको र धेरै कुखुरा मरेसँगै उत्पादन घटेकाले बजारको माग निकै बढेको छ । माग बढेसँगै अण्डाको मूल्य बढेको हो । फार्महरुले दिएको रेटका आधारमा समर्थन मूल्य जारी गरिएको उहाँले बताउनुभयो । मूल्य बढ्दै गर्दा पनि किसानले लागत मूल्य पाउन नसकेको उहाँले बताउनुभयो । अण्डाको लागत मूल्य प्रतिगोटा रु १९.१२ पर्न आउँछ । यसलाई हिसाब गर्दा प्रतिक्रेट रु ५७३.६ हुन आउँछ । बर्डफ्लुका कारण किसानले ठूलो क्षति व्यहोर्नु परेको छ । लागत मूल्य पाउन नसकेपछि विगत केही वर्षदेखि किसान यस पेसाबाट पलायन हुन थालेका छन् । पछिल्लो समय उत्पादन घट्नु, कुखुरामा रोग लग्नुलगायत कारणले किसान बैंकको ऋणको भरमा पर्दै आएको व्यवसायी बताउँछन् ।

पछिल्लो समय बर्डफ्लुका कारण केही किसानको कुखुरा मरेका थिए भने कुखुरा हुनेहरुले अण्डाको मूल्य नपाउँदा ठूलो नोक्सानी व्यहोर्नु परेको पोखरेलले बताउनुभयो ।

# देवघाटका भूमिहीनलाई जग्गा उपलब्ध गराउने

दमौली । तनहुँको देवघाट गाउँपालिकाबाट प्रमाणीकरण भई आएका १४ भूमिहीन दलित तथा सुकुमवासीलाई जग्गा उपलब्ध गराउने प्रक्रिया अन्तिम चरणमा पुगेको छ ।

जिल्ला भूमि समस्या समाधान समिति तनहुँले उनीहरुलाई जग्गा उपलब्ध गराउने उद्देश्यका साथ सोमबार लाभग्राहीको अवस्थाबारे स्थलगत निरीक्षण गरेको थियो । समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारी नेतृत्वको टोलीले देवघाट गाउँपालिका-१ मा रहेका १४ जना लाभग्राहीको घरजग्गामा पुगेर उनीहरूको वास्तविक अवस्थाबारे जानकारी लिएको हो । टोलीमा समितिका पदाधिकारीका साथै देवघाट गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीको सहभागिता थियो । कानुनी व्यवस्था अनुसार, गाउँपालिकाबाट सिफारिस भई आएका आवेदकको दाबी, विरोध तथा संशोधनका लागि समितिले यसअघि नै सातदिने सार्वजनिक सूचना जारी गरिसकेको थियो ।

# विद्युतीय सवारीमा सहुलियत दिन व्यवसायीको माग

प्रत्यूष समाचारदाता

काठमाडौँ । देशभरका यातायात व्यवसायीको छाता संस्था नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घले विद्युतीय सवारीका पार्टपुर्जामा भन्सार छुट दिन र वातावरणमैत्री यातायातलाई प्रोत्साहन गर्न अर्थमन्त्रीसमक्ष माग गरेका छन् । महासङ्घका अध्यक्ष पुण्यप्रसाद (सरोज) सिटौला नेतृत्वको टोलीले सोमबार अर्थमन्त्री डा स्वर्णिम वाग्लेलाई यातायात क्षेत्रका विद्यमान समस्या समाधानका लागि ११ बुँदे मागपत्र बुझाएका हुन् ।

महासङ्घको टोलीले सार्वजनिक यातायात क्षेत्रमा रहेको रु १३ खर्ब बराबरको लगानी र यसमा आश्रित ४० लाख परिवारको सुरक्षाका लागि सरकारले तत्काल कदम चाल्नु माग गरेको हो । महासङ्घले पूर्व सचिव दीपक सुवेदीको अध्यक्षतामा गठित जाँचबुझ आयोगले बुझाएको प्रतिवेदन तत्काल कार्यान्वयन गर्न, मोटर बिमादर निर्देशिका २०७३ लाई समयसापेक्ष परिमार्जन गर्न र बिमा प्राधिकरणलाई आवश्यक निर्देशन दिन आग्रह गरेको छ ।

# पर्सा राष्ट्रिय निकुञ्जमा बाघ मित्र अभियान

जनकपुरधाम । बाघको सङ्ख्या बढेसँगै पर्सा राष्ट्रिय निकुञ्जले 'बाघ मित्र' अभियानलाई सञ्चालन गर्ने तयारी गरेको छ ।

पर्सा राष्ट्रिय निकुञ्जमा पाठे बाघको सङ्ख्या ७१ पुगेको छ । निकुञ्जका प्रमुख रामचन्द्र खतिवडाका अनुसार निकुञ्जमा यसअघि ४१ बाघ रहेकामा हालै गरिएको बाघ गणनाका क्रममा बाघको सङ्ख्या एकैपटक ३० वटा बढेको हो ।

निकुञ्जमा बाघको सङ्ख्या बढेपछि वन्यजन्तुप्रतिको नागरिकको सोच र आनीबानीमा परिवर्तन ल्याई मानव-बाघबीच सहअस्तित्व प्रवर्द्धन गर्ने तथा वन्यजन्तुहरूबाट हुने मानवीय क्षतिलाई शून्यमा झार्ने लक्ष्यसहित निकुञ्जले 'बाघ मित्र'अभियानलाई विस्तार गर्ने तयारी गरिएको प्रमुख खतिवडाले बताउनुभयो ।

निकुञ्जसँग जोडिएको पर्सा, बारा र मकवानपुर जिल्लाका डिभिजन वन कार्यालयको समन्वयमा समुदायस्तरमा अभियान सञ्चालन गरिएको निकुञ्ज प्रमुख खतिवडाको भनाइ छ । उहाँका अनुसार अभियानअन्तर्गत समुदायको अग्रसरतामा वन्यजन्तुको महत्वबारे जनचेतना जगाउने, वन्यजन्तुबाट कसरी बच्ने, समस्या पर्दा कसरी समाधान गर्ने, राहत प्राप्त गर्ने विधिबारे अन्तर्क्रिया तथा छलफल कार्यक्रम सञ्चालन भइरहेको छ । "कहिलेकाहीँ आहारको खोजीमा बाघ जङ्गलबाट निस्किन्छ, बाघलाई देख्नेबित्तिकै मान्छेमा नकारात्मक सोच आइहाल्छ", प्रमुख खतिवडाले भन्नुभयो, "त्यसैले बाघप्रति समुदायमा सकारात्मक सन्देश दिने र बाघबाट जोगिने विधिबारे सचेतना जगाउन अभियान चलाएका छौं ।" बाघ हाम्रो शत्रु होइन, उसको पनि अस्तित्व हुन्छ, त्यही भएर बाघलाई देखाएर पर्यापर्यटन प्रवर्द्धन गर्न सकिन्छ भने सकारात्मक कुरा फैलाउन अभियान सञ्चालन गरिएको उहाँको भनाइ छ । जङ्गलमा डढेलो लगाउने, चोरी तस्करी गर्नेलगायतका नागरिकको आनीबानीका कारण वन्यजन्तुहरू जङ्गल बाहिर निस्किँदा मानव-वन्यजन्तुबीच द्वन्द्व हुने गरेको उहाँले बताउनुभयो ।

# नगर गानका लागि रचना पठाउन आह्वान

मकवानपुर । हेटौँडा उपमहानगरपालिका नगरको सामाजिक, सांस्कृतिक, भौगोलिक, धार्मिक, ऐतिहासिक तथा औद्योगिक पहिचान र मौलिक विशेषता झल्किनेगरी नगर गान निर्माण गर्ने भएको छ । यसका लागि उपमहानगरपालिकाले इच्छुक स्रष्टा, रचनाकारबाट रचना आह्वानसमेत गरेको छ ।

उपमहानगरपालिकाका प्रवक्ता सविन न्यौपानेले भन्नुभयो "हेटौँडाको इतिहास, संस्कृति, भूगोल, आर्थिक तथा औद्योगिक पहिचानलाई समेटेर नगरको आफ्नै परिचय दिने नगर गान निर्माण गर्न लागिएको हो । हेटौँडाको विशिष्ट पहिचान झल्किने गरी रचना हुनुपर्छ ।"

नगर गानलाई हेटौँडाको पहिचान र भावनालाई प्रतिनिधित्व गर्ने सृजनाका रुपमा आफूहरूले विकास गर्न चाहेको नगरप्रमुख मीनाकुमारी लामाले बताउनुभयो । "हेटौँडाको इतिहास, प्रकृति, संस्कृति, सामाजिक विविधता र औद्योगिक पहिचानलाई समेट्नेगरी नगर गान निर्माण गर्न खोजिएको हो । त्यसैले उत्कृष्ट सृजनाका लागि स्रष्टा तथा रचनाकारहरूको सहभागिता महत्त्वपूर्ण हुनेछ", उहाँले भन्नुभयो । नगरपालिकाले नगर गान निर्माणसम्बन्धी अन्य व्यवस्था 'हेटौँडा उपमहानगरपालिका पर्यटन वर्ष २०८३ को लोगो तथा नगर गान निर्माणसम्बन्धी कार्यविधि, २०८३' बमोजिम हुने जनाएको छ ।


## कालिका सामुदायिक वन उपभोक्ता समूह

नीलकण्ठ न.पा. वडा नं. ५, धादिङ

**वन पैदावार लिलाम बिक्री सम्बन्धि सूचना**

प्रथम पटक प्रकाशित मिति २०८३/०४/२८

यस कालिका सामुदायिक वन उपभोक्ता समूहले आ.व. २०८२/०८३ मा वार्षिक स्वीकृत कार्ययोजना अनुसार कटान मुछान गरी उत्पादन भएको साल र खोटेसल्ला जातको गोलिया काठ यस समूहको निर्णय तथा डिभिजन वन कार्यालय धादिङको च.नं १०२ मिति २०८३/०४/२५ को लिलाम बिक्री सहमती अनुसार नीलकण्ठ न.पा वडा नं. ५, धादिङमा घाटगद्दी भएका तपसिल बमोजिमका वन पैदावार (काठ) हरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले पहिलो पटक यो सुचना प्रकाशित गरिएको छ । वन पैदावारको कारोबार गर्ने उद्देश्यले मू.अ.कर वा स्थायी लेखा नं.मा दर्ता भई जुनसुकै डिभिजन वन कार्यालयहरूमा वन नियामावली, २०७९ बमोजिम सूचीकृत भएका इच्छुक फर्म, सःमिल तथा उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र जिल्ला डिभिजन वन कार्यालय धादिङ वा यस समूहबाट बोलपत्र फारम खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र यस कालिका सामुदायिक वन उपभोक्ता समूह, नीलकण्ठ न.पा. वडा नं. ५, धादिङमा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि कार्यालयमा प्रकाशित विस्तृत सूचना हेर्नु हुन अनुरोध छ ।

तपसिल

| जात | थान | ग्रेड | परिमाण (क्यु.फि.) | न्यूनतम मूल्य रू. | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|
| साल | ६ | A | १४०.१२ | १,७५,१५०।- | नियामनुसार | |
| साल | ३ | B | १९.८४ | १७,८५६।- | | |
| साल | २७५ | C | ७४७.४९ | ४,४८,४९४।- | | |
| खोटेसल्ला | ६१ | A | ९१३.१३ | २,२८,२८२।५० | | |
| खोटेसल्ला | २१४ | B | १५९४.०८ | २,३९,११२।- | | |

थप जानकारीको लागि किशोर ढुङ्गाना अध्यक्ष, कालिका सा.व.उ.स
सम्पर्क नं. ९८४१२८७८६


प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Web:epratyush.com